भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको ५१ औं बैठकका निर्णयहरू
(मिति २०७७ चैत्र ६ गते)

निर्णय नं. १

यातायात व्यवस्थापन सेवा कार्यलय भरतपुर प्रस्तावक रही परामर्शदाता श्री रिसर्च इन्स्टिच्युट फर सस्टेनेवल इन्भारोमेन्ट प्रा. लि., रत्ननगर नगरपालिका वडा नं. ९ बाट भरतपुर महानगरपालिका वडा नं. ११ आपँटारीस्थित वन क्षेत्रको १.२७ हेक्टर जग्गामा यातायात सेवा कार्यालय भरतपुरको भवन निर्माण तथा ट्रायल सेन्टर सञ्चालन गर्न पेश भएको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन स्वीकृत गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

निर्णय नं. २

भरतपुर महानगरपालिकाभित्र प्रचलित मापदण्ड पूरा गरेका तर नक्सा पास स्वीकृत बेगर भवन निर्माण कार्य सम्पन्न गरिसकेका भवनहरूको हकमा भरतपुर महानगरपालिकाको नक्सा पास सम्बन्धी कार्यविधि, २०७५ बमोजिम नक्सा पास अभिलेखीकरण गरी स्वीकृति दिने सर्वसम्मतिले निर्णय गरियो ।

निर्णय नं. ३

भरतपुर महानगरपालिका अन्तर्गत सञ्चालित महानगरपालिकाको गौरवका आयोजनाहरू लगायत समग्र महानगरपालिकाको विकास निर्माणका लागि पर्ने नदीजन्य पदार्थ भरतपुर महानगरपालिका अन्तर्गत खगेरी खोला क्षेत्रमध्ये गत विगत आ. व. मा जिल्ला समन्वय समितिबाट स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेखित क्षेत्र मध्येबाट करिब १०,००० (दश हजार) घन मिटर नदीजन्य पदार्थ महानगरपालिका आफैंले उत्खनन् तथा बिक्री– वितरण गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

निर्णय नं. ४

भरतपुर महानगरपालिका वडा नं. २९, हाडीगाउँ अवस्थित भ्यू डाँडा महाबौद्ध गुम्बाको लागि पूर्वमा ऐलानी जग्गा, पश्चिममा मसानघाट, उत्तरमा पुरानो मूल बाटो र दक्षिणमा भीर यति चार किल्लाभित्र पर्ने गरी उक्त भ्यू डाँडा महाबौद्ध गुम्बाले भोगचलन गर्न पाउने गरी ज. वि. १-०-० (एक बिगाहा) जग्गा भोगाधिकार दिने सर्वसम्मतिले निर्णय गरियो ।

निर्णय नं. ५

साविक शिवज्योति ताजा तरकारी कृषि सहकारी संस्था लि. को नाममा दर्ता रहेको भरतपुर महानगरपालिका वडा नं. २० मा रहेको साविक गुन्ज्ञनगर ४/क कि. नं. ११८८ का ज. वि. ०-०-१९.५ ऐ. कि. नं. ११८६ ज.वि. ०-०- १/२ कि. नं. ११८९ को ज. वि. ०-०-९ र कि. नं. ८५३ को ज. वि. ०-०-१ समेत जम्मा ज. वि. ०-१-१० जग्गा भरतपुर महानगरपालिकाको नाममा दर्ता कायम गर्न मालपोत कार्यालय, चनौलीलाई लेखी

Scanned with CamScanner

पठाउने र उक्त जग्गाको भोगाधिकार शाकम्भरी ताजा तरकारी कृषि सहकारी संस्था लि. लाई दिने सर्वसम्मतिले निर्णय गरियो ।

निर्णय नं. ६

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र चितवनले आपनो स्वीकृत वार्षिक कार्यक्रम अनुसार कुखुरा तथा कुखुराजन्य सामग्री ढुवानी गर्ने सवारी साधनलाई राजमार्गमै निःसंक्रमण गर्न निःसंक्रमण स्थल सञ्चालनका लागि नारायणगढ–मुग्लिन सडकखण्डको गाइघाट, भोर्लेको सडक किनारको जमिन उपयोग गर्न अनुमति प्रदान गरिदिन अनुरोध गरेकोमा ढुवानी साधनको माध्यमबाट कुखुराहरूमा हुनसक्ने सम्भावित रोग संक्रमणको जोखिम न्यूनिकरणका लागि सवारी साधन निःसंक्रमण गर्न आवश्यक पूर्वाधार निर्माण एवं सञ्चालनका लागि उक्त जमिन प्रयोग गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

भरतपुर महानगरपालिका वडा नं. १२ स्थित श्री शहीद स्मृति प्रतिष्ठान नेपालले निर्माण गर्ने भवनको नक्सा पास दस्तुर रकम रु. ४३५४६ (त्रिचालीस हजार पाँच सय छयालीस रुपैयाँ) छुट दिने सर्वसम्मतिले निर्णय गरियो ।

निर्णय नं. ८

भरतपुर महानगरपालिका वडा नं. ११ स्थित नेपाली काँग्रेसको वडा कार्य समितिको निर्माण गर्ने भवनको नक्शा पास दस्तुर रकम रु. ५६,७६८ (छपन्न हजार सात सय अठ्सट्ठी रुपैयाँ) छुट दिने सर्वसम्मतिले निर्णय गरियो ।

निर्णय नं. ९

शहिद स्मृति मा. वि. भरतपुर महानगरपालिका वडा नं. ६, पारसनगरको जग्गा सट्टापट्टा गर्ने सम्बन्धमा विद्यालयको सँधियार पार्वती तिवारीको नाममा दर्ता रहेको चितवन साविक ६/क कि. नं. ३०६५ को ज. वि. ०-२-० (दुई कट्ठा) क्षेत्रफल बराबरको जग्गा विद्यालयले प्राप्त गर्ने र विद्यालयको नाममा दर्ता रहेको साविक गीतानगर ६/क कि. नं. ९८ को ०-२-० (दुई कट्ठा) जग्गा पार्वती तिवारीलाई दिने गरी सट्टापट्टा गर्नका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा सिफारिस गरी पठाउने सर्वसम्मतिले निर्णय गरियो ।

निर्णय नं. १०

भरतपुर महानगरपालिका नारायणी नदी किनार व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७७ का सम्बन्धमा बैठकमा प्राप्त सुझाव समेतलाई समावेश गरी परिमार्जित कार्यविधिलाई सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

निर्णय.नं ११

भरतपुर महानगरपालिका अम्ब्रेला स्ट्रिटको आन्तरिक आय संकलन कार्यविधि, २०७७ का सम्बन्धमा बैठकमा प्राप्त सुझाव समेतलाई समावेश गरी परिमार्जित कार्यविधिलाई सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय.नं १२

भरतपुर महानगरपालिका नारायणी नदी जल यातायात सञ्चालन कार्यविधि, २०७७ का सम्बन्धमा बैठकमा प्राप्त सुझाव समेतलाई समावेश गरी परिमार्जित कार्यविधिलाई सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

निर्णय.नं १३

भरतपुर महानगरपालिका स्वास्थ्य संस्था दर्ता अनुमति, नवीकरण तथा स्तरोन्नति सम्बन्धी कार्यविधि, २०७७ का सम्बन्धमा बैठकमा प्राप्त सुझाव समेतलाई समावेश गरी परिमार्जित कार्यविधिलाई सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

निर्णय.नं १४

भरतपुर महानगरपालिका अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकार संरक्षण तथा प्रवर्द्धन कार्यविधि, २०७७ का सम्बन्धमा बैठकमा प्राप्त सुझाव समेतलाई समावेश गरी परिमार्जित कार्यविधिलाई सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

निर्णय.नं १५

भरतपुर महानगरपालिका सीप तथा व्यवसायिक विकास तालिम प्राप्त विपन्न सदस्यलाई व्यवसाय स्थापनार्थ बीउ पूँजी अनुदान मापदण्ड, २०७७ का सम्बन्धमा बैठकमा प्राप्त सुझाव समेतलाई समावेश गरी परिमार्जित कार्यविधिलाई सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

निर्णय.नं १६

राष्ट्रिय परिचय पत्र नियमावलीमा, २०७७ को अनुसुचि-३ मा व्यवस्था भएको तपशिल बमोजिम दस्तुर शुल्क लिने सम्बन्धमा सर्वसम्मतिले निर्णय गरियो ।

तपशिलः

क. व्यक्तिगत घटना विलम्ब शुल्क रु.२००/-(३५ दिन नाघेमा)

ख. व्यक्तिगत घटना दर्ताको प्रमाण पत्रको दस्तुर (नेपालमा) रु.५००।-

ग. व्यक्तिगत घटना तथा नागरिक अभिलेख दर्ता किताब हेरेको दस्तुर (नेपालमा) रु. २००।-

निर्णय.नं १७

भरतपुर महानगरपालिका भूमि सम्बन्धी समस्या समाधान आयोग, लगत संकलन ईकाईले अनुसूची ३ र ४ बमोजिम लगत संकलन कार्य गरिरहेकोमा आयोगको मिति २०७७/१०/२३ प.सं. २०७७/०७८ च.न. ३८७ पत्र बमोजिम कुनै अव्यवस्थित बसोबासीले एकै जिल्लामा आपसमा सिमाना जोडिएका एक भन्दा बढी स्थानीय तहको छुट्टाछुट्टै स्थानमा बसोबास र आवाद कमोत गरेको भए सो अवस्थामा कुनै

Scanned with CamScanner

एक स्थानीय तहमा मात्र निवेदन फारम पेश गर्ने र अर्को स्थानीय तहको हकमा संलग्न ढाँचाको सिफारिस उपलब्ध गराउने व्यवस्था मिलाउन लेखि आएको हुँदा सो कार्य गर्न यसै महानगरको भूमी सम्बन्धी समस्या समाधान आयोग सहजीकरण समितिलाई अधिकार प्रत्यायोजन गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

निर्णय नं. १८

भरतपुर महानगरपालिकाको आ. व. २०७६/०७७ को अधुरो योजना सम्पन्न गर्ने म्याद मिति २०७८ बैशाख १५ गते सम्म थप गर्ने सम्बन्धमा सर्वसम्मतिले निर्णय गरियो ।

निर्णय नं. १९

भरतपुर महानगरपालिका आ.व. ०७७/७८ मा सञ्चालन गर्नुपर्ने योजनाको अन्तिम सम्झौता मिति २०७८ बैशाख १५ गते सम्म गर्ने र अन्य थप नयाँ योजनाको माग आएमा योजना तथा वजेट शाखाले आगामी आ. व. २०७८/०७९ को लागि संकलन गर्ने सम्बन्धमा सर्वसम्मतिले निर्णय गरियो ।

निर्णय.नं २०

भरतपुर महानगरपालिकाको आ.व. २०७८/७९ को लागि भरतपुर महानगरपालिकाबाट प्रदेश सरकारसँगको लागत सहभागितामा सञ्चालन गरिने समपुरक तथा विशेष अनुदानका लागि तपसिल बमोजिम योजनाहरू छनौट गर्ने निर्णय गरियो ।

<u>तपसिलः</u>

सि. नं.	योजनाको नाम	वडा	बजेट (रु. मा)
१.	पाण्डे घुम्ती चोक देखि बरण्डाभार अफिस हुँदै कुनावारि चोक सम्म	६	३,९७,४४,७३०.५९
२.	विरेन्द्र नगर टाउन (स्कुल चोक) देखि उत्तर शित्तलपानी हुँदै टिकाराम दाहाल चोक सडक पिंच	२३	३,९५,०४,८८४.१६
३.	कार्की चोकबाट आधारभूत विद्यालय शरणपुर हुँदै इन्द्र चोक हुँदै सिद्धि गणेश मन्दिर र खयरघारी, मगर गाउँ हुँदै आएको कालोपत्रे	१६	२,२३,६१,६८६.९२
४.	घुमाउने चोक एलौली चोकबाट सुर्यनगर स्कुल हुँदै सुर्यरत्न चोक सम्म ।	१५	३,९९,६१,४२०.८७
५.	भरतपुर महानगरपालिका वडा नं. १५ भवन निर्माण (विशेष अनुदान)	१५	१,६२,९८,७५९.९४

Scanned with CamScanner

निर्णय नं. २१

भरतपुर महानगरपालिका ३ नं. वडा स्थित मानव सेवा आश्रमको भवन निर्माणको लागि Set Back मा केही अपुग भएको हुँदा जग्गा अभावको कारण संघसंस्थालाई तोकिए बमोजिमको Set back Follow गर्न कठिनाई रहेकोले Set Back मा लचकता अपनाउन सर्वसम्मतिले निर्णय गरियो ।

निर्णय नं. २२

भरतपुर महानगरपालिका नारायणी नदी किनार व्यवस्थापन एवं सञ्चालन निदेर्शिका, २०७७ का सम्बन्धमा बैठकमा प्राप्त सुझाव समेतलाई समावेश गरी परिमार्जित निर्देशिकालाई सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. २३

भरतपुर महानगरपालिकामा कार्यरत साविक स्थानीय तहका स्थायी कर्मचारीहरूको समायोजन सम्बन्धमा अध्ययन गरी आवश्यक राय सुझाव सहितको प्रतिवेदन पेश गर्नेगरि देहाय बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

तपसिलः

सि.डि.ई. श्री रत्न प्रसाद लामीछाने	-	संयोजक
ब. ई. श्री भरत कुमार आचार्य	-	सदस्य
लेखा प्रमुख श्री जगन्नाथ अर्याल	-	सदस्य
ई. श्री सूर्य प्रकाश लामा	-	सदस्य
कानून अधिकृत श्री खगेश्वर अधिकारी	-	सदस्य
अधिकृतस्तर सातौं श्री डम्बर बहादुर वि.क.	-	सदस्य-सचिव

निर्णय नं. २४

भरतपुर महानगरपालिका अन्तर्गत राजश्व महाशाखाबाट तपसिल बमोजिम मिति २०७७/१०/२९ पश्चात जारी गरिएका "घ" वर्गको निर्माण व्यवसायी इजाजत-पत्रको अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिलः

क. आर्जन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि. भरतपुर-९, चितवन

ख. नवरत्न कन्स्ट्रक्सन एण्ड अमुन सप्लायर्स प्रा. लि, भरतपुर,१६, चितवन

ग. एञ्जल निर्माण सेवा भरतपुर-१२ चितवन

घ. एशियन वोरीङ्ग एण्ड कन्स्ट्रक्सन प्रा. लि, भरतपुर-४, चितवन

ङ. माँ तुल्सी कन्स्ट्रक्सन प्रा. लि, भरतपुर-१०, चितवन

निर्णय नं. २५

भरतपुर महानगरपालिका कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धन शाखाको कृषि विकास तर्फको विभिन्न शिर्षकमा छुट्याई खर्च नभएको रु. ५७ लाख रकम कृषि तर्फकै साना सिंचाई कार्यक्रममा खर्च गर्ने रकमान्तर गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय नं. २६

भरतपुर महानगरपालिकाको वडा नं १६ मा रहेको आधारभूत विद्यालय ब्रम्हपुर र वडा नं ४ मा रहेको आधारभूत विद्यालय सानो यज्ञपुरीले विद्यालय भवन निर्माणका लागि भारतीय दूतावासमा प्रस्ताव पेस गर्न परियोजनाको कूल लागतको २० प्रतिशत रकम महानगरपालिकाबाट व्यहोर्ने प्रतिबद्धतासहितको सिफारिस माग भइआएको हुँदा विद्यालयबाट सोसम्बन्धमा आवश्यक कागजात पेस भएमा सम्बन्धित निकायमा सिफारिस गरिदिने निर्णय गरियो।

Scanned with CamScanner